# देश चौतर्फी संकटमा छ : अध्यक्ष यादव




**मिसन संवाददाता**
*नेपालगन्ज, १२ फागुन*

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले अहिले देश चौतर्फी संकटमा रहेको बताएका छन् । मंगलबार बाँकेको डुडुवा गाउँपालिकामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै यादवले अहिले देशमा राजनीतिक, आर्थिक, सामाजिक, नैतिक र परस्पर विश्वासको संकट व्याप्त रहेको बताएका हुन् । उनले अहिलेको स्थिति आउनुका पछाडि काँग्रेस र कम्युनिस्टहरू जिम्मेवार रहेको पनि आरोप लगाए ।

आफ्नो सम्बोधनको अधिकांश समय काँग्रेस र एमालेको आलोचनामा खर्चिएका यादवको आलोचनाको केन्द्रमा केपी ओली र उनले विगतमा मधेशमा आन्दोलन भएका बेला दिएका अभिव्यक्तिहरू थिए ।

उनले विगतमा केपी ओलीले मधेश आन्दोलनमा सहादत पाएकाहरूलाई झरेर जाने आँप र माखेसाङ्लोजस्ता अभिव्यक्ति दिएर असहिष्णु व्यवहार देखाएको स्मरण गराउँदै अहिले उनको पार्टीबाट मत माग्न आउनेहरूलाई मत दिँदा ख्याल गर्न आग्रह गरेका थिए ।

उनले आफूहरूले उठाउँदै आएका संविधान संशोधनका मुद्दा नै लिएर संसद्मा जाने र जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र, मधेश स्वायत्त प्रदेश, पश्चिम नेपालका तराईका जिल्लाहरूलाई अलग्गै प्रदेश बनाउने लगायतका व्यवस्थाका लागि संविधान संशोधन गर्न संसद्मा आवाज उठाउने उनले दाबी गरे ।

उनले प्रत्यक्ष निर्वाचित राष्ट्रपति, निर्वाचन प्रणाली सुधार, न्यायालय सुधार लगायतका विषयका लागि संविधान संशोधनको मुद्दा जसपाले उठाएको बताए । कार्यक्रममा जसपा नेपालबाट बाँके क्षेत्र नम्बर २ का उम्मेदवार कमरुद्धिन राईले विगतमा जितेर गएकाहरूले झुट र भ्रमको खेती गरिरहेको आरोप लगाएका थिए ।

# भ्रष्टाचारविरुद्ध शून्य सहनशिलतासहितको सुधान्शुको प्रतिबद्धता

**मिसन संवाददाता**
*नेपालगन्ज, १२ फागुन*

नेपाली काँग्रेसले बाँकेको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उम्मेदवार सुधान्शु कोइरालाले भ्रष्टाचारविरुद्ध शून्य सहनशिलताको प्रतिबद्धतासहितको संकल्पपत्र सार्वजनिक गरेका छन् । कोइरालले नेपालगन्जमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरेको संकल्पपत्रमा कानुन-न्याय, सुशासन, भौतिक पूर्वाधार र विकास, उद्योग व्यवसाय प्रवर्द्धन, पर्यटन विकास, वातावरण संरक्षण, कृषि तथा उद्यमशिलता, शिक्षा, स्वास्थ्य, यूवा खेलकुदको उत्थान र धर्म-संस्कृति जगेर्नाजस्ता विषयहरू समावेश छन् ।

उम्मेदवार कोइरालाको संकल्पपत्रमा लोकतन्त्र, संविधान, विधिको शासन, सामाजिक न्याय, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा सदैव अग्रसर रहने प्रतिवद्धता गरिएको छ । कोइरालाले सुशासनका लागि सरकार वा संस्थाको काम पारदर्शी बनाउन, सूचनाको हकको पूर्ण कार्यान्वयन गर्न, असललाई पुरस्कृत र खराबलाई दण्ड दिने नीति अवलम्बन गर्न भूमिका निर्वाह गर्ने दाबी गरेका छन् ।

नेपालगन्जमा वृहत चक्रपथ (रिङरोड) परियोजनालाई मूर्तरूप दिन पहल गर्ने, नेपालगन्ज र डुडुवा क्षेत्रका भौतिक पुर्वाधार (सडक, ढल, नाला) निर्माणका लागि विशेष प्राथमिकता दिने, ग्रामिण क्षेत्रमा रहेका फुसको छानालाई विस्थापित गरी कर्कट पाता लगायतको वैकल्पिक छानो व्यवस्थाका लागि पहल गर्ने लगायतका योजना उनले संकल्प पत्रमा समेटेका छन् ।

यसैगरी नेपालगन्ज आइसीपीको प्रभावकारी सञ्चालन गरिने, खुला सिमानाका कारण हुने चोरी, भन्सार मूल्यांकनलाई पुनरावलोकनका लागि पहल गर्ने, नयाँ उद्योग स्थापनाको लागि करमैत्री नीति लागू गर्न अग्रसर रहने, स्थानीय उद्योगलाई प्रोत्साहन, प्रवर्द्धन र बजारीकरण गर्न आवश्यक पहल गर्ने लगायत संकल्प गरिएको छ ।

यसैगरी नेपालगन्ज विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रूपान्तरण गर्न अग्रसरता लिइने, नेपालगन्ज-दिल्लीलगायत भारतीय सहरमा हवाई उडानका लागि कूटनीतिक पहल गर्ने पनि उनको संकल्प छ । बागेश्वरी मन्दिर, जुँगे खडेश्वर महादेव, गौशाला हनुमान मन्दिर (१०८ फिट), राप्ती (सिधनियाघाट), राप्ती गंगा महाआरती, बेतहनी पाँझस्थित शिवधामलगायत क्षेत्रलाई धार्मिक, सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न पहल गर्ने उनले बताएका छन् । यस्तै संविधानमा आवश्यक संशोधनका लागि पहल गर्ने, शिक्षामा डिजिटलाइजेशन, भेरी अस्पताललाई पाँच सय शय्यामा स्तरोन्नतिका लागि पहल गर्ने, साथै पुरानो ओपिडी ब्लकलाई भत्काएर अत्याधुनिक ब्लक निर्माणका लागि द्रुत गतिमा प्रक्रिया अगाडि बढाउन पहल गर्ने, युवा नीति कार्यान्वयनमा जोड दिइने, खेलकुदको समग्र विकासका लागि क्रिकेट, फुटबल लगायतका खेल मैदान निर्माण गर्न आवश्यक पहल गर्ने संकल्प पनि गरिएको छ । सद्भाव कायम गर्न, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने पनि उनले सार्वजनिक गरेको एजेण्डा छ ।




## उम्मेदवार यादवले गरे सुधान्शुलाई समर्थन

बाँके क्षेत्र नम्बर २ मा राष्ट्रिय एकता दलको तर्फबाट उम्मेदवारी दिएका सिताराम यादवले नेपाली काँग्रेसका उम्मेदवार सुधान्शु कोइरालालाई समर्थन गर्ने घोषणा गरेका छन् ।

चुनाव चिन्ह 'तुलसीको बोट' पाएका यादवले चुनावको पूर्वसन्ध्यामा काँग्रेसका कोइराला नै योग्य र सबैको भावनालाई समेट्न सक्ने उम्मेदवार भएकाले जित नजिक रहेको ठहर गर्दै समर्थन गरेको प्रेस विज्ञप्तिमार्फत बताएका छन् ।

मतदाताको भावना, प्रतिक्रिया र सुझावका आधारमा आफूले कोइरालालाई पूर्ण समर्थन गर्ने निर्णयमा पुगेको यादवको भनाइ छ ।

देशको लोकतान्त्रिक प्रक्रिया, स्थिरता, विकास र सुशासनलाई मजबुत बनाउन तथा यस क्षेत्रको समग्र हित र जनताको अपेक्षालाई पूरा गर्न कोइरालालाई आफ्नो समर्थन रहेको विज्ञप्तिमा उल्लेख छ ।

युवा उम्मेदवार कोइराला योग्य, निष्कलंक, विकासप्रेमी तथा क्षेत्रको समृद्धिका लागि प्रतिबद्ध रहेको समेत नेता यादवको दाबी छ । आफ्नो निर्णयले यो क्षेत्रको सदभाव, एकता र जनहितमा मद्दत पुऱ्याउने यादवको विश्वास छ ।

# हेलिकोप्टरमार्फत मतपेटिका ढुवानी गरिने

**मिसन संवाददाता**
*दार्चुला, १२ फागुन*

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सम्पन्न भएपश्चात् दार्चुलाका सात वटा मतदान केन्द्रका मतपेटिकाहरू हेलिकोप्टरमार्फत ढुवानी गरिने भएको छ । जिल्लाको व्यास गाउँपालिकामा रहेका मतदान केन्द्रहरू शिरसिन्धार आधारभूत विद्यालय बोधगाउँ, सर्वहित आधारभूत विद्यालय दुम्लिङ तथा रानीस्थान आधारभूत विद्यालय मालको मतपेटिका र अपि हिमाल गाउँपालिकाको हिमालय आधारभूत विद्यालय पाथा, भवानी आधारभूत विद्यालय सिती, खण्डेश्वरी माध्यमिक विद्यालय र महिला सामुदायिक भवन सितोलाको मतपेटिका हेलिकोप्टरमार्फत ढुवानी गर्ने निर्णय भएको दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी एवम् सूचना अधिकारी विनोद दाहालले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय दार्चुलामा प्रमुख जिल्ला अधिकारी अनिल पौडेलको अध्यक्षतामा मतपत्र ढुवानी, आचारसंहिता पालनासम्बन्धी राजनीतिक दलहरूसँग भएको बैठकमा उक्त निर्णय गरिएको उनले बताए । यहाँका सात वटा मतदान केन्द्रको मतपेटिका हेलिकोप्टरमार्फत ढुवानीका लागि गृह मन्त्रालयमा लेखी पठाइएको तथा सानो हेलिकोप्टर प्राप्त हुने जानकारी प्राप्त भएको भन्दै उनले मतपेटिका र मतदान अधिकृतलाई हेलिकोप्टरमार्फत ल्याउने विषयमा बैठकमा पार्टीको प्रतिनिधिहरूले समेत सहमति जनाएका उनको भनाइ छ ।

कारणवश हेलिकोप्टरमार्फत ढिला हुने अवस्था भएमा तथा मौसम अनुकूल नभएमा प्रशासन सुरक्षा निकायले अवस्था हेरी पैदल, सडक मार्ग प्रयोग गरी मतपेटिका ढुवानीको व्यवस्था मिलाउने कुरामा दलका प्रतिनिधिसँग सहमति भएको उनले बताए । यस्तै निर्वाचनमा मतदातालाई निर्धक्क भई मतदान गर्ने वातावरण मिलाउन दार्चुलाका राजनीतिक दलका नेताहरूले प्रतिबद्धता जनाए ।



मतदानको दिन सबै राजनीतिक दलका तोकिएका आधिकारिक प्रतिनिधिहरूले मतदान केन्द्रमा सहयोग गर्ने र मतदान प्रक्रियालाई बाधा पुग्ने गरी प्रचारप्रसार नगर्ने तथा मतदान अधिकृत र सुरक्षाकर्मीलाई पूर्णरूपमा सहयोग गर्ने पनि प्रतिबद्धता जनाए । बैठकमा दलका नेताहरूले निर्वाचन आयोगद्वारा जारी आचारसंहितालाई अक्षरशः पालना गर्ने सहमति पनि जनाएको उनले जानकारी दिए । मतदानको दिन मतदान केन्द्रको वरिपरि निषेधित गरिएका गतिविधिहरू नगर्ने, नगराउने कुरामा सबै राजनीतिक दल सहमत रहने निर्णय गरिएको उनले बताए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएपश्चात् मतपेटिका ढुवानी गरी ल्याउँदा तोकिएको सवारीसाधनमा बस्ने ठाउँको सीमितताका कारण सबै राजनीतिक दलका प्रतिनिधिहरू एकसाथ आउन नसक्ने अवस्था भए राजनीतिक दलहरूले सहयोग गर्न आपसी सहमतिमा समन्वय गरी एक जना साझा प्रतिनिधि मात्र पठाउन दलहरू सहमत भएका छन् ।

यसैगरी मतपेटिका ढुवानीका लागि प्रयोग गरिने सवारीसाधनहरूको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी, सुरक्षा निकायले तय गरेको सुरक्षित रुटमा रहेर मात्र ढुवानी गर्ने, ढुवानीका क्रममा हुने अनावश्यक ढिलाइ वा अवरोधलाई शून्यमा झार्न र तोकिएको समयमै मतगणना स्थलमा मतपेटिका बुझाउन सबै पक्ष प्रतिबद्ध रहने निर्णय गरिएको उनले बताए ।


**भूमिसुधार तथा मालपोत कार्यालय**
**नेपालगन्ज, बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति–२०८२।११।११**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | मुकेश कुमार गुप्ता | बाँके | हिरमिनिया | ७ख | ७६ | २-५-० | ७ | ०४१००१३ | ९२ | १५२० |
| | | | | | | | ७ | ०४१००१३ | २० | १२८४५ |


# लोकगायक निर्मोहीको देहावसान

**मिसन संवाददाता**
*नेपालगन्ज, १२ फागुन*

बाँकेको नेपालगन्ज निवासी लोकगायक तथा सञ्चारकर्मी कमल विक निर्मोहीको देहावसान भएको छ । लामो समयदेखि दुवै मृगौलाले काम नगरेपछि उपचारमा रहेका निर्मोहीको मंगलबार निवासमै निधन भएको हो ।

शनिबार एक्कासी बेहोस भएपछि भेरी अस्पतालको आइसियुमा भर्ना गरिएको थियो । तर स्वास्थ्यमा सुधार नभएपछि भेन्टिलेटरमा राखिएका निर्मोहीलाई मंगलबार घर ल्याइएकोमा अपरान्ह नै उनले अन्तिम सास लिएका थिए ।



६६ वर्षीय निर्मोहीले 'त्यो माडी खोलाले छेकेको होइन', 'लाग्यो माया मोहनी नजरमा' लगायतका चर्चित लोकगीतहरूमा आवाज दिएका छन् । गायिका कोमल ओली, माया गुरुङ लगायतका कलाकारहरूसँग गायन सहकार्य गरेका निर्मोही रेडियो प्रस्तोता, उद्घोषक तथा सञ्चारकर्मीको रूपमा पनि त्यतिकै प्रसिद्ध थिए ।

उनले रेडियो नेपाल हुँदै नेपालगन्जका सबैजसो रेडियोहरूमा आफ्नो आवाजमार्फत सञ्चारकर्ममा योगदान दिएका थिए । गीत रेकर्डिङ तथा सञ्चार गृह व्यवस्थापनको पनि उत्तिकै अनुभव भएका निर्मोहीको निधनपछि उनका प्रशंसकहरू स्तब्ध छन् ।


**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/१३**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/०९/२१ गतेको सूचना अनुसार Construction of integrated park at Katari Municipality सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यून्तम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**छनोट भएको बोलपत्रदाताको विवरण:**

| सि.न. | बोलपत्र न. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/W/NCB/18/082/83 | Construction of integrated park at Katari municipality | Ratan Kashi Construction Budhiganaga Ga.Pa.-03, Morang. | 1,03,94,060.16 |

**प्रमुख प्रशासकीय अधिकृत**